# प्रिमियर इन्स्योरेन्स कं. (नेपाल) लि.

नारायणचौर, नक्साल
पोष्ट बक्स: ९१८३, काठमाडौं, नेपाल
टेलिफोन: ४५१७८३८, ४५४३८६८, ४५३९३५८
फ्याक्स: ४५१३४४२

E-mail: premier@picl.com.np
Web: www.premier-insurance.com.np

## २९ औं
## वार्षिक साधारण सभा
## बाट
## पारित निर्णय विवरण

## आ.व. २०७८/०७९

३

मिति: २०७९/१०/०४

विषय: २९ औं वार्षिक साधारण सभाको निर्णय ।

आदरणिय शेयरधनी महानुभाव,

२०७९ साल पौष २९ गते शुक्रबारका दिन लिसारा रिसेप्सन, भगवती बाहाल, काठमाण्डौंमा बसेको यस कम्पनीको २९ औं वार्षिक साधारण सभाबाट पारित निर्णय (माईन्यूट) कम्पनी ऐन २०६३ को दफा ७५ (३) बमोजिम यसै साथ पठाईएको छ ।

आज्ञाले,

सहदेव तिवारी
कम्पनी सचिव

# प्रिमियर इन्स्योरेन्स कम्पनी (नेपाल) लि.
## २९ औं वार्षिक साधारण सभाको विवरण (माइन्यूट)

प्रिमियर इन्स्योरेन्स कं. (नेपाल) लिमिटेडको २९ औं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री सुरेश लाल श्रेष्ठज्यूको अध्यक्षतामा २०७९ साल पौष २९ गते शुक्रबार तदनुसार २०२३ जनवारी १३ तारिखका दिन लिसारा रिसेप्सन, भगवती बाहाल, काठमाण्डौंमा बिहान ११:०० बजे शुरु भई दिनको १२:१५ बजे समाप्त भयो ।

**१) सभाको सूचना तथा प्रकाशन:**

२९ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना कम्पनी ऐन २०६३ को दफा ६७ (२) को प्रावधान अनुसार २०७९/०९/०८ को कारोबार राष्ट्रिय दैनिक र २०७९/०९/१४ को अभियान राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएको थियो ।

**२) उपस्थिति:**

**(क) कम्पनी ऐन २०६३ को दफा ६८ अनुरुप संचालकहरुको उपस्थिति:**

| | |
|---|---|
| १) श्री सुरेश लाल श्रेष्ठ | अध्यक्ष |
| २) श्री प्रभू कृष्ण श्रेष्ठ | सदस्य |
| ३) श्री राजेश लाल श्रेष्ठ | सदस्य |
| ४) श्री राजन कृष्ण श्रेष्ठ | सदस्य |
| ५। श्री बल राम श्रेष्ठ | सदस्य |
| ६) श्री महेन्द्र बाहादुर श्रेष्ठ | सदस्य |
| ७) श्रीमती जेसमिन हाडा बज्राचार्य | सदस्य |

**३) सभा संचालन गर्न गणपूरक संख्या:**

१) (अ) कुल शेयरधनीहरु मध्ये उपस्थित संख्या: २३५
(आ) बांडफांड भएको कुल शेयर संख्या मध्ये उपस्थित प्रतिशत: ७१%

उपरोक्त बमोजिम सभा संचालन गर्न उपरोक्त गणपूरक संख्या कम्पनी २०६३ को दफा ७३(२) बमोजिम पुगेको सभालाई जानकारी गराईयो ।

**४) छलफलको विषय सूची:**

(क) <u>सामान्य प्रस्ताव</u>

१. संचालक समितिको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७८/०७९ को वासलात, नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह सहितको विवरण तथा सो संग सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने ।
३. लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ.व.२०७९/०८० को लागि लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गर्ने ।

प्रिमियर इन्स्योरेन्स कं. (नेपाल) लि. काठमाडौं

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चूक्ता पुजीको ०.७५ प्रतिशतले हुन आउने रकम रु. ९२,०७,६३७/- (बयानब्बे लाख सात हजार छ सय सैतीस मात्र) नगद लाभांश (बोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ) स्वीकृत गर्ने ।

<u>(ख) विशेष प्रस्ताव</u>

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम रहेको चूक्ता पूजीका १४.२५ प्रतिशतले हुन आउने रकम रु. १७,४९,४५,१००/- (रु. सत्र करोड उन्नचास लाख पैतालिस हजार एक सय मात्र) बराबरको बोनस शेयर जारी गर्ने ।

२. प्रबन्ध पत्रको दफा १, ८(क) र ८(ख) मा संशोधन गर्ने ।

३. नियमावलीको नियम १, ३(क) र ३(ख) मा संशोधन गर्ने ।

४. प्रिमियर इन्स्योरेन्स क. (नेपाल) लि तथा सिद्धार्थ इन्स्योरेन्स लि. एक आपसमा गाभ्ने/गाभिने सम्वन्धी विशेष प्रस्ताव पारित गर्ने ।

५. प्रिमियर इन्स्योरेन्स क. (नेपाल) लि तथा सिद्धार्थ इन्स्योरेन्स लि. एक आपसमा गाभिए पश्चात बन्ने निर्जीवन बीमा व्यबसाय गर्ने कम्पनीको नाम "सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड" तथा अग्रेजीमा "Siddhartha Premier Insurance Limited" कायम गरी सो नामबाट निर्जीवन बीमा व्यबसाय गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

६. प्रिमियर इन्स्योरेन्स क. (नेपाल) लि तथा सिद्धार्थ इन्स्योरेन्स लि. एक आपसमा गाभ्ने/गाभिने (Merger) सम्वन्धी प्रारम्भिक सहमति पत्र (Memorandum of Understanding) तथा गाभ्ने/गाभिने सम्वन्धमा भए गरेका अन्य काम कारवाहीहरु अनुमोदन गर्ने ।

७. प्रिमियर इन्स्योरेन्स क. (नेपाल) लि तथा सिद्धार्थ इन्स्योरेन्स लि. एक आपसमा गाभ्ने/गाभिने (Merger) प्रयोजनको लागि नियुक्त मुल्याङ्कनकर्ता G.P.Rajbahak & Co. चार्टर्ड एकाउन्टेण्टस् द्वारा तयार गरेको दुवै संस्थाको चल/अचल सम्पत्ति तथा दायित्वको मुल्याङ्कन प्रतिवेदन (Due diligence Audit) तथा अन्य सम्वद्ध व्यवस्था समेतका आधारमा निर्धारण गरिएका शेयर अनुपात (Share Swap Ratio) १ : १ स्वीकृत गर्ने ।

८. प्रिमियर इन्स्योरेन्स क. (नेपाल) लि तथा सिद्धार्थ इन्स्योरेन्स लि. एक आपसमा गाभ्ने/गाभिने (Merger) सम्वन्धी अन्तिम सम्झौता पत्र (Final Arrangement) स्वीकृत गर्ने र मर्जर सम्वन्धी बांकी कार्य र आवश्यक प्रकृया पुरा गरी सिद्धार्थ इन्स्योरेन्स लि.संग मर्जर को लागि अन्तिम स्वीकृति प्रदान गर्ने ।

९. प्रिमियर इन्स्योरेन्स क. (नेपाल) लि तथा सिद्धार्थ इन्स्योरेन्स लि. एक आपसमा गाभ्ने/गाभिने (Merger) प्रयोजनको लागि चल/अचल सम्पत्ती तथा दायित्व मूल्याङ्कन (Due diligence Audit) गरी प्रतिवेदन तयार गर्न नियूक्त गरेको लेखापरिक्षक/मूल्याङ्कनकर्ता नियुक्ती तथा निजलाई प्रदान गरिएको पारिश्रमिक अनुमोदन गर्ने ।

१०. प्रिमियर इन्स्योरेन्स क. (नेपाल) लि तथा सिद्धार्थ इन्स्योरेन्स लि. एक आपसमा गाभिए पछि गठन हुने सञ्चालक समितिमा यस कम्पनी तर्फबाट प्रतिनिधि तोक्ने अधिकार सञ्चालक समिति र मर्जर पछि बन्ने संस्थाको सञ्चालक समितिमा सिद्धार्थ इन्स्योरेन्स लि.बाट चयन भई आउनु हुने सञ्चालकलाई पदस्थापन एवम् अनुमोदन गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रत्यायोजन गर्ने ।

११. प्रिमियर इन्स्योरेन्स क. (नेपाल) लि को साविक सञ्चालक समितिको सदस्यहरुको कार्यकाल जतिसुकै अवधि बांकि रहेको भए तापनि गाभ्ने/गाभिने कार्य सम्पन्न भई साबिक दुवै कम्पनीबाट प्रतिनिधित्व रहने गरी नयां सञ्चालक समिति गठन भए पश्चात बांकि कार्यकाल स्वत: समाप्त भएको मानिने तथा नयां सञ्चालक समितिको कार्यकाल मर्जर पछि बस्ने कम्पनीको वार्षिक/विशेष साधाण सभा नभए सम्म मात्र कायम रहने विशेष प्रस्ताव पारित गर्ने ।

१२. प्रिमियर इन्स्योरेन्स क. (नेपाल) लि तथा सिद्धार्थ इन्स्योरेन्स लि. एक आपसमा गाभ्ने/गाभिने (Merger) सम्वन्धी बिशेष प्रस्ताव वार्षिक साधारण सभाबाट पारित बिशेष प्रस्ताव बमोजिम नियमनकारी निकायबाट स्वीकृतिको लागि निवेदन गर्ने, मर्जरसंग सम्वन्धित प्रचलित कानून

प्रिमियर इन्स्योरेन्स क. (नेपाल) लि. काठमाडौं

वा निर्देशन बमोजिम अपनायनु पर्ने वा गर्नु पर्ने सम्पूर्ण आवश्यक कार्य एवम् प्रकृया पुरा गरी अन्तिम स्वीकृति लिने र मर्जर सम्वन्धी सम्पूर्ण कार्यहरु गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

१३. प्रिमियर इन्स्योरेन्स क. (नेपाल) लि. को केन्द्रिय कार्यालय का.म.पा. वडा नं.१ नक्साल, नारायणचौर र सिद्धार्थ इन्स्योरेन्स लि को केन्द्रिय कार्यालय बबरमहलमा यथास्थितीमा रहने गरी एक आपसमा गाभिए पछि आपसी सहमतीमा केन्द्रिय कार्यालयको व्यवस्थापन गरिने छ ।

१४. प्रिमियर इन्स्योरेन्स क. (नेपाल) लि तथा सिद्धार्थ इन्स्योरेन्स लि.एक आपसमा गाभिए पछि कम्पनीको अधिकृत पूंजी, जारी पूंजी तथा चुक्ता पूंजी बृद्धि हुने हुंदा सोहि बमोजिम हुने गरी प्रवन्ध पत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने ।

१५. प्रिमियर इन्स्योरेन्स क. (नेपाल) लि तथा सिद्धार्थ इन्स्योरेन्स लि.एक आपसमा गाभिए पछि संस्थापक तथा सर्व साधारण शेयर स्वमित्व प्रतिशत फेरबदन गर्नु पर्ने भएमा संस्थापक शेयर ५१ प्रतिशत र सर्वसाधारण शेयर ४९ प्रतिशत कायम गर्ने ।

१६. प्रवन्ध पत्र तथा नियमावली गर्नु पर्ने उल्लेखित संशोधन फेरबदन वा थपघट गर्न अभिलेख वा स्वीकृत गर्ने निकायबाट कुनै निर्देशन आएमा सो अनुसार गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

ग. विविध :

**५) सभाको बैधानिकता र सभाको प्रारम्भ:**

कम्पनी ऐन २०६३ को दफा ६९ को प्रावधान अनुसार २९ औ वार्षिक साधारण सभा बोलाईएको र सोही ऐनको दफा ७३(२) बमोजिम सभा सम्पन्न गर्न कम्पनी सचिवले गणपुरक संख्या पुगेको सभा समक्ष जानकारी दिनु भए पश्चात साधारण सभा प्रारम्भ भयो ।

**६) सभाको सभापतित्व र प्रतिवेदन प्रस्तुति:**

संचालक समितिका अध्यक्ष श्री सुरेश लाल श्रेष्ठज्यूले सभाको अध्यक्षता ग्रहण गर्नु भई संचालक समितिको प्रतिवेदन सभामा प्रस्तुत गर्नुभयो ।

**७) छलफलका लागि आव्हान र सहभागी हुने वक्ताहरुको नाम:**

अध्यक्षज्यूबाट संचालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुत भए पछि कम्पनी सचिवले आ.ब. २०७८/०७९ को प्रस्तुत लेखापरीक्षकको प्रतिवेदन तथा हिसाब उपर छलफलमा सहभागी हुन चाहने शेयरधनी महानुभावहरुलाई आ-आफ्नो जिज्ञासा मन्तव्य तथा सुझाव व्यक्त गर्न नाम दिन अनुरोध गर्नु भएकोमा कुनै पनि शेयरधनी महानुभावहरुबाट छलफलको निमित्त नाम प्रस्तुत गर्नु भएन ।

**८) शेयरधनीहरुबाट कुनै सुझाव, प्रश्न जिज्ञासा प्राप्त नभएको हुनाले अध्यक्षज्यूले कम्पनी मर्जरको प्रकृयामा रहेकोले सो सम्बन्धि निम्न बमोजिम सभालाई जानकरी गराउंनुभयो ।**

- बीमा प्राधिकरणबाट कम्पनीहरुको चुक्ता पूंजी बृद्धि गर्नु भन्दा अघि देखि नै बीमा बजारमा भएरहेको अस्वस्थ प्रतीस्पर्धालाई दृष्टिगत गरी उपयुक्त कम्पनीसंग मर्जरमा जाने सोच कम्पनीको पहिला देखि नै रहेको थियो । हाल बीमा प्राधिकरणबाट निर्जीवन बीमा

प्रिमियर इन्स्योरेन्स क. (नेपाल) लि. काठमाडौं

कम्पनीले न्यूनतम चुक्ता पूंजी बृद्धि गरी २ अर्ब ५० करोड पुऱ्याउनु पर्ने तथा सो प्रयोजनको लागि हकप्रद शेयर जारी गर्न अनुमती नदिने अवस्थामा विद्यमान रहेको छ । यस कम्पनीको सम्पत्ति तथा दायित्व बीमा शुल्क आम्दानी तथा आफ्नै भवनबाट कारोबार संचलान गरी रहेको सबल कम्पनी संग मूल्यांङ्कन गर्दा १:१ स्वाप रेसियो कायम हुने भएको तथा कम्पनी सबल हुने भएको कम्पनी तथा सम्पूर्ण शेयरधनीहरुको हितलाई ध्यानमा राखी मर्जर प्रकृया अघि बडाएकाछौं । याहां उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुले बहुमतले पारित गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

९) सभाको निर्णय:

९.१) <u>वार्षिक प्रतिवेदन:</u>

संचालक समितिको तर्फबाट प्रस्तुत भएको आ.व. २०७८/०७९ को संचालक समितिको वार्षिक प्रतिवेदन सर्व सम्मतिले पारित गरियो ।

९.२) <u>लेखा परीक्षकको प्रतिवेदन, नाफा नोक्सान हिसाब तथा वासलात पारित गर्ने बारे:</u>

लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७८/०७९ आय व्यय हिसाब, नाफा नोक्सान हिसाब, २०७९ असार मसान्तको वासलात तथा नगद प्रवाह विवरण लगायतका प्रमुख हिसावहरु सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

९.३) <u>लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने:</u>

आर्थिक वर्ष २०७९/८० का लागि कम्पनीको हिसाब किताब लेखापरीक्षण कार्यका लागि लेखापरीक्षण समितिले सिफारिस गरेको एस.आर.पाण्डे एण्ड कम्पनी चार्टर्ड एकाउण्टेण्टसलाई रु. ३,७५,०००/- (रु. तीन लाख पचहत्तर हजार मात्र) पारिश्रमिक दिने गरी लेखापरीक्षकमा नियुक्त गर्ने निर्णय गरियो ।

९.४) बोनस शेयर कर प्रयोजनार्थ नगद लाभांश पारित गर्ने :

बोनस शेयर कर प्रयोजनार्थ रु. ९२,०७,६३७/- (रु. बयानब्बे लाख सात हजार छ सय सैतीस मात्र) नगद लाभांश पारित गर्ने निर्णय गरियो ।

९.५) विशेष प्रस्ताव:

९.५.१ कम्पनीको आर्थिक वर्ष २०७८/०७९ को मुनाफाबाट संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूंजीको १४.२५ प्रतिशत रु. १७,४९,४५,१००/- (रु. सत्र करोड उन्नचास लाख पैतालीस हजार एक सय मात्र) बरावर १७,४९,४५१ कित्ता बोनश शेयर जारी गर्ने निर्णय गरियो ।

९.५.२ प्रबन्धपत्र तथा नियमावली संशोधन बारे :

साधारण सभाले देहाय बमोजिम प्रवन्धपत्र तथा नियमावली संशोधन गर्ने प्रस्ताव पारित गरियो ।

प्रिमियर इन्स्योरेन्स कं. (नेपाल) लि. काठमाडौं

# प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन

९.५.२ प्रबन्ध पत्र

| क्र.सं. | हाल भइरहेको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुको कारण |
|---|---|---|---|
| १. | दफा १ कम्पनीको नाम : प्रिमियर इन्स्योरेन्स कम्पनी (नेपाल) लिमिटेड | दफा १ कम्पनीको नाम: सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड | प्रिमियर इन्स्योरेन्स कम्पनी (नेपाल) लिमिटेडमा सिद्धार्थ इन्स्योरेन्स लिमिटेड गाभिने भएकोले । |
| २. | दफा ८ कम्पनीको पूँजी संरचना: कम्पनीको पूँजी संरचना देहाय बमोजिम हूनेछ ।<br>(क) कम्पनीको अधिकृत पूँजी रु.२,००,००,००,०००/- (दुई अर्ब) हुनेछ । जसलाई प्रति शेयर रु.१००/- का दरले २,००,००,०००/- (दुई करोड) कित्ता साधारण शेयरहरुमा विभाजन गरिने छ ।<br>(ख) कम्पनीको जारी पूँजी रु.१,५०,००,००,०००/- (एक अर्ब पचास करोड) हुनेछ । जसलाई प्रति शेयर रु.१००/- का दरको १,५०,००,०००/- (एक करोड पचास लाख) कित्ता साधारण शेयरहरुमा विभाजन गरिने छ । संचालक समितिले उक्त जारी तथा चुक्ता पूंजी अधिकृत पूंजीको हदसम्म वृद्धि गर्न सक्नेछ । साथै, जारी पूंजीको हदसम्म संचालक समितिले चुक्ता पूंजी वृद्धि गर्न सक्नेछ । | दफा ८ कम्पनीको पूंजी संरचना: कम्पनीको पूंजी संरचना देहाय बमोजिम हूनेछ ।<br>(क) कम्पनीको अधिकृत पूंजी रु.५,००,००,००,०००/- (पाँच अर्ब) हूनेछ । जसलाई प्रति शेयर रु.१००/- का दरले ५,००,००,०००/- (पाँच करोड) कित्ता साधारण शेयरहरुमा विभाजन गरिने छ ।<br>(ख) कम्पनीको जारी पूंजी रु.४,००,००,००,०००/- (चार अर्ब) हूनेछ । जसलाई प्रति शेयर रु.१००/- का दरको ४,००,००,०००/- (चार करोड) कित्ता साधारण शेयरहरुमा विभाजन गरिने छ । संचालक समितिले उक्त जारी तथा चुक्ता पूंजी अधिकृत पूंजीको हदसम्म वृद्धि गर्न सक्नेछ । साथै जारी पूंजीको हदसम्म संचालक समितिले चुक्ता पूंजी वृद्धि गर्न सक्नेछ । | प्रिमियर इन्स्योरेन्स कम्पनी (नेपाल) लिमिटेडमा सिद्धार्थ इन्स्योरेन्स लिमिटेड गाभिने भएकोले तथा नेपाल बीमा प्राधिकरणको निर्देशन बमोजिम चूक्ता पूंजी वृद्धि गर्नुपर्ने भएकोले |

प्रिमियर इन्स्योरेन्स कं. (नेपाल) लि. काठमाडौं

९.५.३ नियमावली

| क्र.सं. | हाल भइरहेको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नूको कारण |
|---|---|---|---|
| १. | नियम १ कम्पनीको नाम : प्रिमियर इन्स्योरेन्स कम्पनी (नेपाल) लिमिटेड रहनेछ | नियम १ कम्पनीको नाम: सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड रहनेछ | प्रिमियर इन्स्योरेन्स कम्पनी (नेपाल) लिमिटेडमा सिद्धार्थ इन्स्योरेन्स लिमिटेड गाभिने भएकोले |
| २. | नियम ३ कम्पनीको पूँजी संरचना: कम्पनीको पूँजी संरचना देहाय बमोजिम हूनेछ ।<br>(क) कम्पनीको अधिकृत पूँजी वृद्धि गरी रु.२,००,००,००,०००/- (दुई अर्ब) हुनेछ । जसलाई प्रति शेयर रु.१००/- का दरले २,००,००,०००/- (दुई करोड) कित्ता साधारण शेयरहरुमा विभाजन गरिने छ ।<br>(ख) कम्पनीको जारी पूँजी रु.१,५०,००,००,०००/- (एक अर्ब पचास करोड) हुनेछ । जसलाई प्रति शेयर रु.१००/- का दरको १,५०,००,०००/- (एक करोड पचास लाख) कित्ता साधारण शेयरहरुमा विभाजन गरिने छ । संचालक समितिले उक्त जारी तथा चुक्ता पूँजी अधिकृत पूँजीको हदसम्म वृद्धि गर्न सक्नेछ । साथै जारी पूँजीको हदसम्म संचालक समितिले चुक्ता पूँजी वृद्धि गर्न सक्नेछ । | नियम ३ कम्पनीको पूँजी संरचना: कम्पनीको पूँजी संरचना देहाय बमोजिम हूनेछ ।<br>(क) कम्पनीको अधिकृत पूँजी वृद्धि गरी रु.५,००,००,००,०००/- (पाँच अर्ब) हुनेछ । जसलाई प्रति शेयर रु.१००/- का दरले ५,००,००,०००/- (पाँच करोड) कित्ता साधारण शेयरहरुमा विभाजन गरिने छ ।<br>(ख) कम्पनीको जारी पूँजी रु.४,००,००,००,०००/- (चार अर्ब) हुनेछ जसलाई प्रति शेयर रु.१००/- का दरको ४,००,००,०००/- (चार करोड लाख) कित्ता साधारण शेयरहरुमा विभाजन गरिने छ । संचालक समितिले उक्त जारी तथा चुक्ता पूँजी अधिकृत पूँजीको हदसम्म वृद्धि गर्न सक्नेछ । साथै जारी पूँजीको हदसम्म संचालक समितिले चुक्ता पूँजी वृद्धि गर्न सक्नेछ । | प्रिमियर इन्स्योरेन्स कम्पनी (नेपाल) लिमिटेडमा सिद्धार्थ इन्स्योरेन्स लिमिटेड गाभिने भएकोले तथा नेपाल बीमा प्राधिकरणको निर्देशन बमोजिम चूक्ता पूँजी वृद्धि गर्नुपर्ने भएकोले |

९.५.४ प्रिमियर इन्स्योरेन्स क. (नेपाल) लि तथा सिद्धार्थ इन्स्योरेन्स लि. एक आपसमा गाभ्ने/गाभिने सम्बन्धी विशेष प्रस्ताव पारित गरियो ।

९.५.५ प्रिमियर इन्स्योरेन्स क. (नेपाल) लि तथा सिद्धार्थ इन्स्योरेन्स लि. एक आपसमा गाभिए पश्चात बन्ने निर्जीवन बीमा व्यवसाय गर्ने कम्पनीको नाम "सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड" तथा अंग्रेजीमा "Siddhartha Premier Insurance Limited" कायम गरी सो नामबाट निर्जीवन बीमा व्यवसाय गर्ने विशेष प्रस्ताव पारित गरियो ।

९.५.६ प्रिमियर इन्स्योरेन्स क. (नेपाल) लि तथा सिद्धार्थ इन्स्योरेन्स लि. एक आपसमा गाभ्ने/गाभिने (Merger) सम्बन्धी प्रारम्भिक सहमति पत्र (Memorandum of Understanding) तथा गाभ्ने/गाभिने सम्बन्धमा भए गरेका अन्य काम कारवाहीहरु अनुमोदन गरियो ।

९.५.७ प्रिमियर इन्स्योरेन्स क. (नेपाल) लि तथा सिद्धार्थ इन्स्योरेन्स लि. एक आपसमा गाभ्ने/गाभिने (Merger) प्रयोजनको लागि नियुक्त मुल्याङ्कनकर्ता G.P.Rajbahak & Co. चार्टर्ड एकाउन्टेण्टस् द्वारा तयार गरेको दुवै संस्थाको चल/अचल सम्पत्ति तथा दायित्वको मुल्याङ्कन प्रतिवेदन (Due diligence Audit) तथा अन्य सम्वद्ध व्यवस्था समेतका आधारमा निर्धारण गरिएका शेयर अनुपात (Share Swap Ratio) १ : १ स्वीकृत गरियो ।

९.५.८ प्रिमियर इन्स्योरेन्स क. (नेपाल) लिमिटेडमा सिद्धार्थ इन्स्योरेन्स लि. गाभिने (Merger) सम्बन्धी अन्तिम सम्झौता पत्र (Final Arrangement) स्वीकृत गर्ने र मर्जर सम्बन्धी बांकी कार्य र आवश्यक प्रकृया पुरा गरी सिद्धार्थ इन्स्योरेन्स लिमिटेडलाई गाभ्नको लागि अन्तिम स्वीकृति प्रदान गरियो ।

प्रिमियर इन्स्योरेन्स क. (नेपाल) लि. काठमाडौं

९.५.९ प्रिमियर इन्स्योरेन्स क. (नेपाल) लि तथा सिद्धार्थ इन्स्योरेन्स लि. एक आपसमा गाभ्ने/गाभिने (Merger) प्रयोजनको लागि चल/अचल सम्पत्ती तथा दायित्व मूल्याङ्कन (Due diligence Audit) गरी प्रतिवेदन तयार गर्न नियूक्त गरेको लेखापरिक्षक/मूल्याङ्कनकर्ता नियुक्ती तथा निजलाई प्रदान गरिएको पारिश्रमिक अनुमोदन गरियो ।

९.५.१० प्रिमियर इन्स्योरेन्स क. (नेपाल) लिमिटेडमा सिद्धार्थ इन्स्योरेन्स लि. गाभिए पछि गठन हुने सञ्चालक समितिमा यस कम्पनी तर्फबाट प्रतिनिधि तोक्ने अधिकार सञ्चालक समिति र मर्जर पछि बन्ने संस्थाको सञ्चालक समितिमा सिद्धार्थ इन्स्योरेन्स लि.बाट चयन भई आउनु हुने सञ्चालकलाई पदस्थापन एवम् अनुमोदन गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रत्यायोजन गरियो ।

९.५.११ प्रिमियर इन्स्योरेन्स क. (नेपाल) लि को साविक सञ्चालक समितिको सदस्यहरुको कार्यकाल जतिसुकै अवधि बांकि रहेको भए तापनि गाभ्ने/गाभिने कार्य सम्पन्न भई साबिक दुवै कम्पनीबाट प्रतिनिधित्व रहने गरी नयां सञ्चालक समिति गठन भए पश्चात बांकि कार्यकाल स्वत: समाप्त भएको मानिने तथा नयां सञ्चालक समितिको कार्यकाल मर्जर पछि बस्ने कम्पनीको वार्षिक/विशेष साधाण सभा नभए सम्म मात्र कायम रहने विशेष प्रस्ताव पारित गरियो ।

९.५.१२ प्रिमियर इन्स्योरेन्स क. (नेपाल) लि तथा सिद्धार्थ इन्स्योरेन्स लि. एक आपसमा गाभ्ने/गाभिने (Merger) सम्वन्धी विशेष प्रस्ताव वार्षिक साधारण सभाबाट पारित बिशेष प्रस्ताव बमोजिम नियमनकारी निकायबाट स्वीकृतिको लागि निवेदन गर्ने, मर्जरसंग सम्वन्धित प्रचलित कानून वा निर्देशन वमोजिम अपनायनु पर्ने वा गर्नु पर्ने सम्पूर्ण आवश्यक कार्य एवम् प्रकृया पुरा गरी अन्तिम स्वीकृति लिने र मर्जर सम्वन्धी सम्पूर्ण कार्यहरु गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गरियो ।

९.५.१३ प्रिमियर इन्स्योरेन्स क. (नेपाल) लि. को केन्द्रिय कार्यालय का.म.पा. वडा नं.१ नक्साल, नारायणचौर र सिद्धर्थ इन्स्योरेन्स लि को केन्द्रिय कार्यालय बबरमहलमा यथास्थितीमा रहने गरी एक आपसमा गाभिए पछि आपसी सहमतीमा केन्द्रिय कार्यालयको ब्यवस्थापन गरिने प्रस्ताव पारित गरियो ।

९.५.१४ प्रिमियर इन्स्योरेन्स क. (नेपाल) लि तथा सिद्धार्थ इन्स्योरेन्स लि.एक आपसमा गाभिए पछि कम्पनीको अधिकृत पूंजी, जारी पूजी तथा चुक्ता पूंजी बृद्धि हुने हुंदा सोहि बमोजिम हुने गरी प्रवन्ध पत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्न अख्तियारी प्रदान गरियो ।

९.५.१५ प्रिमियर इन्स्योरेन्स क. (नेपाल) लि तथा सिद्धार्थ इन्स्योरेन्स लि.एक आपसमा गाभिए पछि संस्थापक तथा सर्व साधारण शेयर स्वमित्व प्रतिशत फेरबदन गर्नु पर्ने भएमा संस्थापक शेयर ५१ प्रतिशत र सर्वसाधारण शेयर ४९ प्रतिशत कायम गर्ने प्रस्तव पारित गरियो ।

९.५.१६ प्रवन्ध पत्र तथा नियमावली गर्नु पर्ने उल्लेखित संशोधन फेरवदन वा थपधट गर्न अभिलेख वा स्वीकृत गर्ने निकायबाट कुनै निर्देशन आएमा सो अनुसार गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गरियो ।

१०. <u>विविध :</u>

विविध विषय अन्तर्गत छलफल गर्नुपर्ने कुनै पनि विषय नभएकोले छलफल भएन. ।

प्रिमियर इन्स्योरेन्स कं. (नेपाल) लि. काठमाडौं

११. **धन्यवाद ज्ञापन:**

अध्यक्षज्यूले साधारण सभामा प्रस्तुत मर्जर लगायत सम्पूर्ण प्रस्तावहरु परित गरी साधारण सभा समयमा नै सु-सम्पन्न गर्न सहयोग गर्ने उपस्थित सम्पूर्ण शेयरधनीहरु एवं कर्मचारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

१२ **सभा बिसर्जन:**

अन्त्यमा, छलफल गर्नु पर्ने कुनै विषय बांकी नरहेको हुंदा दिनको १२:१५ बजे अध्यक्षज्यूले सभा बिसर्जन गरिएको घोषणा गर्नु भयो ।

प्रिमियर इन्स्योरेन्स कं. (नेपाल) लि. काठमाडौं

सुखदेव तिवारी
कम्पनी सचिव

सुरेश लाल श्रेष्ठ
अध्यक्ष

प्रिमियर
INSURANCE
DELIVERING PROMISES

पत्र संख्या: ०७९/०८०-२९९८

मिति: २०७९/१०/०४

प.लि.नं. ६२-०४८।०४९
मू.अ.कर नं. ५०००६०४१८

श्री कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाण्डौ ।

**विषय: २९ औं वार्षिक साधारण सभाको निर्णय पठाईएको बारे ।**

२०७९ साल पौष २९ गते शुक्रबारका दिन लिसारा रिसेप्सन, भगवती बाहाल, नक्साल, काठमाण्डौंमा बसेको यस कम्पनीको २९ औं वार्षिक साधारण सभाबाट पारित निर्णय (माईन्युट) कम्पनी ऐन २०६३ को दफा ८० बमोजिम यसै साथ पठाईएको छ ।

आज्ञाले,

सहदेव तिवारी
कम्पनी सचिव

प्रिमियर इन्स्योरेन्स कं. (नेपाल) लि.
प्रिमियर भवन, नक्साल, पो. ब. नं. ९१८३, काठमाडौं, नेपाल
९७७-१-४५१३५४३, ४५१०६४८
९७७-१-४५१३४४२
premier@picl.com.np
www.premier-insurance.com.np